REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs    Date: 11.09.2026

## राष्ट्रपति मुर्मुसँग मंगनका विद्यार्थीको भेटवार्ता

उत्तर सिक्किम मंगनका विद्यार्थीहरूले आज नयाँ दिल्लीमा राष्ट्रिय एकीकरण भ्रमणका क्रममा राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटवार्ता गरेका छन्।

भारतीय सेनाले दुर्गम तथा सीमावर्ती क्षेत्रका विद्यार्थीलाई देशका महत्वपूर्ण स्थानहरूको भ्रमण गराउने उद्देश्यले राष्ट्रिय एकीकरण भ्रमण आयोजना गर्दै आएको छ। यस भ्रमणले विद्यार्थीलाई देशका विभिन्न भागबारे जानकारी लिन र राष्ट्रिय एकताको भावना थप बलियो बनाउन अवसर प्रदान गर्नेछ।

## नाथुला विजय दिवस

सिक्किमका राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले नाथुला विजय दिवसको 60औँ वर्षगाँठका अवसरमा भारतीय सेनाका कार्यरत सैनिक, अधिकारी तथा सेवानिवृत्त सैनिकहरूलाई शुभकामना दिनुभएको छ। उहाँहरूले विगत 6 दशकदेखि महत्वपूर्ण सीमाको रक्षा गर्दै आएका सैनिकहरूको योगदानको प्रशंसा गर्नुभएको छ।

राज्यपाल माथुरले नाथुला भारतीय सेनाको अदम्य साहस र दृढताको प्रतीक रहेको बताउनुभयो। उहाँले नाथुला विजयका नायक लेफ्टिनेन्ट जनरल सगत सिंहप्रति सम्मान व्यक्त गर्नुभयो।

भने मुख्यमन्त्री तामाङले राष्ट्रको एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्ने सैनिकहरूको अदम्य साहसलाई सम्मान गर्न सबैलाई आह्वान गर्नुभएको छ।

## Taekwondo च्याम्पियनसिप

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले दक्षिण कोरियामा आयोजना हुने विश्व taekwondo च्याम्पियनसिप 2026 मा भारतको प्रतिनिधित्व गर्ने सिक्किमका आठ खेलाडीलाई भेटेर शुभकामना दिनुभएको छ। प्रतियोगिता यही सेप्टेम्बर 16 तारिखदेखि दक्षिण कोरियाको चुनचेनमा आयोजना हुनेछ।

सिक्किम एमेच्योर taekwondo संघका आठ खेलाडीले विश्वस्तरमा भारतको प्रतिनिधित्व गर्नेछन्। मुख्यमन्त्री तामाङले खेलाडीहरूको मेहनत, समर्पण र निरन्तरताप्रति गर्व व्यक्त गर्दै उनीहरूको सफलताको कामना गर्नुभएको छ।

## सूचना तथा प्रसारण मन्त्रालय

सूचना तथा प्रसारण मन्त्रालयअन्तर्गत पत्र सूचना कार्यालय (पीआईबी) गान्तोकले गान्तोकस्थित प्रेस क्लब अफ सिक्किममा 'वार्ता' मिडिया अन्तरक्रिया कार्यक्रम आयोजना गरेको

छ। कार्यक्रममा पश्चिम बंगालका प्रधान आयुक्त, भन्सार (प्रिभेन्टिभ) विनायक आजाद प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो।

कार्यक्रममा नाथुला हुँदै हुने सरल सीमा व्यापार तथा भन्सार प्रक्रिया र 'सप्तधारा' अन्तर्गत कृषि तथा खाद्य उत्पादन विषयमा छलफल गरिएको थियो। विनायक आजादले भन्सार अधिकारीको जिम्मेवारीबारे जानकारी दिँदै भन्सारसम्बन्धी केही अनावश्यक भ्रम हटाउनुभएको थियो। उहाँले व्यापारका लागि नाथुला मार्ग पुनः सञ्चालन गर्नु सरकारको महत्वपूर्ण पहल भएको बताउँदै यसले नयाँ अवसरको ढोका खोलेको उल्लेख गर्नुभयो।

उहाँले थप भन्नुभयो

भारतीय कृषि अनुसन्धान परिषद्, सिक्किम क्षेत्रीय केन्द्रका कार्यालय प्रमुख तथा प्रधान वैज्ञानिक डा. अशोक कुमारले 'सप्तधारा' अन्तर्गत कृषि तथा खाद्य उत्पादनबारे जानकारी दिनुभयो। उहाँले किसान र सरकारबीच अन्तिम तहसम्म जोड्ने काममा सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

कार्यक्रममा आकाशवाणी गान्तोककी सहायक निर्देशक याङ्चेन शेर्पा, प्रेस क्लब अफ सिक्किमका अध्यक्ष समीर हाङ लिम्बू तथा पीआईबी गान्तोक र आकाशवाणी समाचार गान्तोकका अधिकारीहरूको सहभागिता रहेको थियो।

<u>मंगन जिल्ला प्रहरी अधीक्षक</u>

मंगन जिल्लाका प्रहरी अधीक्षकको कार्यालयले नर्थ–310ए अन्तर्गत रहेको बी–2 पुलमा सवारीसाधनको भार तथा गति सीमा संशोधन गरेको छ। नयाँ व्यवस्था तत्काल लागू गरिएको छ।

संशोधित व्यवस्थाअनुसार पुलमा सवारीसाधनको अधिकतम भार सीमा 8 मेट्रिक टनबाट बढाएर 12 मेट्रिक टन कायम गरिएको छ। 12मेट्रिक टनभन्दा बढी भार भएका

सवारीसाधनलाई पुल पार गर्न अनुमति दिइने छैन। साथै, पुल पार गर्दा सबै सवारीसाधनले अधिकतम 10 किलोमिटर प्रतिघण्टाको गतिमा चल्नुपर्नेछ।

तोकिएको भार वा गति सीमा उल्लङ्घन गर्ने सवारीसाधनमाथि मोटर वाहन ऐन, 1988 तथा प्रचलित कानुनअनुसार कारबाही गरिने प्रहरीले जनाएको छ।

## इन्डियन हिमालयन सेन्टर फर एडभेन्चर एन्ड इको टुरिजम

सिक्किमको चेमचेमा रहेको इन्डियन हिमालयन सेन्टर फर एडभेन्चर एन्ड इको टुरिजममा पर्वतारोहण तथा ट्रेकिङ अभियानका लागि पाँच दिने सम्पर्क अधिकृत तालिम हिजोदेखि सुरु भएको छ। भारतीय पर्वतारोहण प्रतिष्ठान, नयाँ दिल्लीको सहकार्यमा आयोजित तालिम सेप्टेम्बर 14 तारिखसम्म सञ्चालन हुनेछ।

तालिममा 30 पुरुष र 5महिला गरी जम्मा 35 जना सहभागी छन्।

## नेपाल बाढीमा फसेका सिक्किमका आठ नागरिक घर फर्किए

नेपालमा 26 अगस्टमा आएको आकस्मिक बाढीपछि केही समय फसेका सिक्किमका आठै जना नागरिक सकुशल घर फर्किएका छन्। सिक्किम सरकारको नेपाल फ्ल्यास फ्लड टास्क फोर्सले उनीहरू सुरक्षित रूपमा सिक्किम फर्किएको जानकारी दिएको छ।

गान्तोक र गेजिङ जिल्लाका कैलाश मानसरोवर यात्रामा सहभागी तीर्थयात्रीहरू चीनको तिब्बत स्वायत्त क्षेत्रअन्तर्गत सागा काउन्टीमा फसेका थिए। घटनाबारे जानकारी पाएलगत्तै सिक्किम सरकारले उनीहरूको अवस्थाबारे निगरानी गर्न तथा सम्बन्धित केन्द्रीय निकायसँग समन्वय गरी सुरक्षित फिर्ताको व्यवस्था गर्न टास्क फोर्स गठन गरेको थियो।

मुख्यमन्त्री प्रेमसिंह तामाङले सुरुदेखि नै विषयमा व्यक्तिगत चासो दिँदै 27 अगस्टमा फसेका यात्रुहरूसँग टेलिफोनमार्फत सम्पर्क गरी उनीहरूको सुरक्षा र अवस्थाबारे जानकारी लिनुभएको थियो।

आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।